# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### विज्ञापन कर ठेक्कामा लगाउने सम्बन्धि
### ३० दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना
### प्रथम पटक प्रकाशित मिति २०८१/०५/

वीरगंज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले विज्ञापन कर शिर्षकमा आ.व.२०८१/०८२ का लागि बहुवार्षिक रुपमा ठेक्का बन्दोबस्त गर्न स्थानीय सरकार संचालन ऐन, २०७४, वीरगंज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७, वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०८१ ले दिएको अधिकारको परिधि भित्र रही आन्तरिक आयका शीर्षकहरुबाट राजस्व संकलन गर्न प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको समयावधि भित्र बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**<u>शर्तहरु</u>**

१. बोलपत्र फारम तपसिलमा उल्लेखित दस्तुर बुझाएको नगदी रसिदका साथ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखाबाट खरीद गर्न सकिनेछ ।

२. बोलपत्र खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउन सकिनेछ । तोकिएको समय भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु सोही दिन, दिनको ३:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहबरमा वी.म.न.पा., नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र साथ आफूले कबुल गरेको ३ वर्षको जम्मा कबोल अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं.१२५०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वाणिज्य बैंक वा वित्तिय संस्थाले जारी गरेको सूचनामा १२० दिन म्याद भएको बिडबण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

४. बोलपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपले उल्लेख गरी सहीछाप गरी पेश गर्नुपर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बोलपत्र दाखिला गर्दा खाममा राखी शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम र आय शिर्षक स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

६. बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय अनुसार क्रमश: कायम हुनेछ ।

७. बोलपत्रसाथ वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको व्यवसायिक प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र एवं अन्य कुनै कर बुझाउनु पर्ने बाँकी भए सोको चालु आ.व. सम्मको कर तिरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ । बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाणपत्र तथा स्थायी लेखा नं. प्रमाणपत्र (प्यान) पेश गर्नुपर्नेछ ।

८. बोलपत्रमा उल्लेख भएका कुराहरुको हकमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ वीरगंज महानगरपालिकाको आर्थिक ऐन, २०८१, वीरगंज महानगरपालिकाको सार्वजनिक खरीद नियमावली, २०७७ र प्रचलित कानून बमोजिम हुनेछ ।

९. तपसिलमा उल्लेखित आय शिर्षकको ठेक्का सकार अंकको किस्ता र बैंक ग्यारेन्टी सम्बन्धि व्यवस्था बोलपत्र फारममा उल्लेख गरिनेछ ।

१०. आफुले कबोल गरेको ठेक्का अंक बराबरको एकमुष्ठ रकम बुझाएमा न्यूनतम अंकमा नघटने गरी १० प्रतिशत छुट दिइनेछ ।

११. ठेक्का सम्बन्धि विषयमा कुनै किसिमको वादविवाद भएमा वीरगंज महानगरपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१२. उल्लेखित ठेक्का सम्बन्धमा अन्य आवश्यक बुझ्नु परेमा यस कार्यालयको राजस्व व्यवस्थापन महाशाखामा सम्पर्क राख्नु हुन वा मोबाइल नं.९८५४०२६३३३ मा सम्पर्क राखी बुझ्न सक्नुहुनेछ ।

| ठेक्का नं. | ठेक्काको नाम | वार्षिक न्यूनतम ठेक अंक (मु.अ.कर बाहेक) | | ठेक्का अवधि | बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|---|---|
| ३/०८१/८२ | विज्ञापन कर | ४०,००,०००।- | (अक्षरेपी चालिस लाख मात्र) | ३ वर्ष | ३,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत